नेपाल सरकार (मा. मन्त्रिस्तर) बाट
मिति २०७४।१।२५ मा स्वीकृत

# संयुक्त जग्गाधनी दर्ता प्रमाण पुर्जा जारी गर्ने सम्बन्धी प्रक्रिया (विधि), २०७४

**प्रस्तावनाः** संयुक्त जग्गाधनी दर्ता प्रमाण पुर्जा दिने व्यवस्थाको कार्यान्वयनमा सहजता ल्याई महिला सशक्तिकरणमा टेवा पुर्याउन आवश्यक देखिएकोले बजेट वक्तव्यको प्रावधान वमोजिम भूमिसुधार तथा व्यवस्था मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ**: (१) यो कार्यविधिको नाम "संयुक्त जग्गाधनी दर्ता प्रमाण पुर्जा जारी गर्ने सम्बन्धी कार्यविधि, २०७४" रहेको छ ।
(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–
(क) "संयुक्तपुर्जा" भन्नाले जग्गाको विवरण सहित पति पत्नी दुवैको नाम र फोटो भएको मालपोत कार्यालयबाट जारी गरिएको जग्गाधनी दर्ता प्रमाणपुर्जा सम्झनु पर्छ ।
(ग) "मन्त्रालय" भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालयल सम्झनु पर्छ ।
(घ) "कार्यालय" भन्नाले सम्बन्धित जिल्ला वा क्षेत्रको मालपोत कार्यालय सम्झनु पर्छ ।

**३. संयुक्त पुर्जा प्राप्त गर्न सगोलनामाको लिखत सहित निवेदन दिनुपर्नेः** (१) संयुक्तपुर्जा लिन चाहने पति र पत्नीले संयुक्त पुर्जा पाउँ भनी अनुसूचि १ मा तोकिएको ढाँचामा सगोलनामाको लिखत सहित अनुसूचि २ मा तोकिएको ढाँचामा सम्वन्धित कार्यालयमा आर्थिक ऐनले तोकेवमोजिमको दरको टिकट टाँसी निवेदन दिनुपर्नेछ ।
(२) यस्तो सगोलनामाको लिखत र निवेदन सम्वन्धित निवेदक स्वयंले वा लेखापढी कानुन व्यवसायीले तयार गर्न सक्नेछन ।

**४. निवेदन साथ संलग्न हुनुपर्ने कागजात** : (१) दफा ३ वमोजिमको निवेदन साथ देहायअनुसार कागजात संलग्न गर्नुपर्नेछ :–

(क) सगोलनामाको लिखत
(ख) पति पत्नी दुवैको नागरिकताको प्रतिलिपि,
(ग) पति वा पत्नीको नाममा रहेको जग्गाको सक्कल प्रमाणपुर्जा,
(घ) चालु आर्थिक बर्षको मालपोत र घर जग्गा कर तिरेको रसिदको प्रतिलिपि,
(ङ) विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि वा नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि
(च) सगोलनामा प्राप्त गर्ने पति वा पत्नी वा दुवैको हालसालै खिचेको फोटो,

**५. निवेदनको छानविन र सनाखत गर्ने** : (१) दफा ३ बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले देहायवमोजिम छानविन गर्नेछ :–
(क) मोठ स्रेस्ता कायम रहेको,
(ख) रोक्का नरहेको,
(ग) नाता प्रमाणित प्रमाणपत्र वा विवाह दर्ता प्रमाणपत्र संलग्न रहेको,

Approved from Minister level in 2074/01/25

(२) उपदफा (१) वमोजिम कागजात र मोठ रोक्का भिडाउँदा ठीक ठहरे फाँटवालाले देहायकाकार्य गर्नेछ :-

(क) निवेदनमा पति पत्नीको सनाखत गराउने ।

(ख) नागरिकता प्रमाणपत्रको प्रतिलिपि सक्कलसंग भिडाई प्रतिलिपिको पछाडिपट्टि सम्वन्धित व्यक्तिलाई सही गराउने ।

(ग) नाता प्रमाणित प्रमाणपत्र वा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपिको पछाडिपट्टि दुवै जनालाई सही गराउने ।

**६.संयुक्त पुर्जाको सगोलनामा पारित गर्ने** : कार्यालयमा प्राप्त निवेदन उपर दफा ५ वमोजिम छानविन र सनाखत भएपछि सम्वन्धित फाँटबाट संयुक्तपुर्जा दिने लिखत पारितको लागि पेश गर्नुपर्नेछ । यसरी पेश हुन आएको लिखत पारित गरी कार्यालयले संयुक्तपुर्जा दिनेछ ।

**७.संयुक्त पुर्जाको दस्तुर सम्बन्धी व्यवस्था** : (१) दफा ६ वमोजिम सगोलनामा लिखत पारित गर्दा आर्थिक ऐनले तोकेवमोजिमको दस्तुर लाग्ने छ ।

**८.संयुक्तपुर्जा तयार गर्ने** : दफा ६ बमोजिम सगोलनामा पारित भएमा सम्वन्धित कर्मचारीले हालको जग्गा धनी (पति / पत्नी वा दुवै ) को हालसालै खिचेको फोटो कायम रहेको जग्गाधनी दर्ता श्रेस्ता र पूर्जामा टाँस गरी पति वा पत्नीको नागरिकता नम्वर जारी भएको मिति र जिल्ला , लिखत नम्वर, सगोलनामा पारित मिति जनाउनु पर्नेछ ।

**९. अभिलेख अद्यावधिक गर्ने** : दफा ८ बमोजिम तयार भएका संयुक्त श्रेस्ता तथा पुर्जाको विवरण कम्प्यूटर प्रणाली वा LRIMS मा समेत अद्यावधिक गर्नु पर्नेछ ।

**१०. स्थलगतरुपमा सनाखत गर्न सकिने** : कुनै गाँउ पालिका वा नगरपालिकाको कुनै वडाबाट संयुक्त जग्गाधनी पुर्जा कायम गरिपाउन, पति पत्नीको बीस भन्दा बढी संयुक्त निवेदन पर्न आई ती निवेदनमा दफा ४ वमोजिम कागजात संलग्न रहेको र दफा ५ को (१) वमोजिम छानविन गर्दा रीतपुगेको देखिए सेवाग्राहीको सहजताको लागि कर्मचारी खटाई स्थलगतरुपमा दफा ५ को (२) वमोजिमका कार्यहरु गर्न सकिने छ ।

**११.भूमिहीन, मुक्तकमैया, मुक्तहलिया लाई उपलव्ध गराउने जग्गामा संयुक्तपुर्जा दिनु पर्ने** : नेपाल सरकारको नीति वमोजिम भूमिहीन, मुक्तहलिया, मुक्तकमैया जस्ता विपन्न वर्गलाई जग्गा उपलव्ध गराउने भनी अधिकार प्राप्त निकायबाट निर्णय भै जग्गाको स्वामित्व उपलव्ध गराउँदा पति पत्नीको नाममा संयुक्त जग्गा धनी प्रमाणपुर्जा तयार गरी प्रदान गरिनेछ । तर अविवाहित वा एकल महिला वा पुरूषको हकमा यो दफा लागु हुनेछैन ।

**१२. संयुक्त मध्येका एकजनाको नाममा एकल पुर्जा कायम गर्न सकिने** : संयुक्त जग्गा धनी प्रमाणपुर्जा प्राप्त गरेका पति वा पत्नी कुनै एक जनाको मृत्यू भै जीवित अर्कोले मृत्यूदर्ता प्रमाणपत्रसहित एकल कायम गराउन निवेदन दिएमा कार्यालयले सो वेहोरा जनाई नियमानुसार शुल्क लिई एकलपुर्जा कायम गरिदिनुपर्नेछ । साथै पति पत्नीका बीच विवाद भै अदालतबाट हक हिस्सा हटाईदिन भनी निर्णय भएमा सोही वमोजिम हुनेछ ।

**१३. कार्यविधिको व्याख्या र परिमार्जन सम्बन्धी व्यवस्था** : (१) यस कार्यविधिमा नपरेका वा बाझिएका विषयमा जग्गा प्रशासन निर्देशिका २०५८ र जग्गा प्रशासन कार्यविधिहरुमा व्यवस्था भएवमोजिम हुनेछ ।

(२) नेपाल सरकारको संयुक्त पुर्जा सम्वन्धी नीतिमा आउने परिवर्तन अनुसार मन्त्रालयले यस कार्यविधिमा आवश्यक परिमार्जन गर्न सक्नेछ ।

अनुसूची १

मिति २०७०/ / मा.पो.का ..............मा भएको

सनाखत

| | लिने | | दिने | |
|---|---|---|---|---|
| | दाँया | बाँया | दाँया | बाँया |
| | | | | |

सनाखत साक्षीहरु

१) ..........................................

२) ..........................................

यसमा पती पत्नी बिचको सगोलनामा लिखत पढीबाँची त्यसको मतलब र परिणाम दुवै थरीलाई सुनाउँदा सगोलनामा गराउन मञ्जुरी गरी दस्तखत समेत गरेको हुँदा लिखत पास भएको ।

कार्यालय प्रमुख :

तहरीर :

फाँटवाला :

मिति :

Approved from Minister level in 2074/01/25

**विषय : जग्गा सगोलनामा**

लिखितम सगोलनामा गरिदिने ............................................ को नाति/ .नातिनी बुहारी................................. को छोरा/बुहारी जिल्ला .................. गाविस वडा नं. ..... बस्ने वर्ष ....... को .................................... आगे सगोलनामा गराई लिने .......................................................को छोरा/बुहारी ....................................को पति/पत्नी........................जिल्ला .................गाविस वडा नं. ...... ....... बस्ने वर्ष ...... को/की ......................................हामी दुवै पक्षबिच तपसिलमा उल्लेखित कित्ता जग्गा मुल्य रु. ....................................... अक्षेरुपी .................................................................. रुपैयाँ बराबरको जग्गा संयुक्त हकभोग हुने गरी लिनदिन मञ्जुरी भएको हुँदा .....................जिल्ला.................मा बसी यो सगोलनामाको कागज लेखी/लेखाई राजिखुशीका साथ सगोलनामा गरी मालपोत कार्यालय .................................बाट रजिष्ट्रेशन पास गरायौं । साक्षी किनाराका सदर छन् ।

**तपसिल :**

हाम्रो सगोलनामा हुने जग्गाको विवरण :

| जिल्ला | गाविस | वडा नं. | सिट नं | कि.नं. | किसिम | क्षेत्रफल(व.मि.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

नाम ना.प्र.नं. जारीमिति जिल्ला

१.पतिश्री..........

२.पत्नी श्रीमती...........

संलग्न प्रमाण

(१) सक्कल जध प्र. पुर्जा-१ (२) आव ०७०/७१ को तिरो रसिद-१ (३) नाता प्रमाणित प्र.प. थान-१ (४) नाप्रप प्रतिलिपि थान-२

इति सम्बत् २०७ साल ....................... महिना ............. गते रोज ......... शुभम् ।

अनुसूची-२

**(कार्यविधिको दफा ३ संग सम्बन्धित)**

श्री मालपोत अधिकृत,
मालपोत कार्यालय, ....................................

विषय : **<u>सगोलनामा लिखत पारित गरी पाउँ ।</u>**

महोदय,

हामी निवेदक पति पत्नीले यसै निवेदन साथ प्रस्तुत सगोलनामाको लिखत कानून बमोजिम पारित गरिपाउँन पेश गरेका छौं । व्यहोरा साँचो हो । झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**जग्गाको विवरण**

| जिल्ला | गाविस/न.पा. | वडा नं. | सिट नं. | कित्ता नं. | क्षेत्रफल (वर्ग मि) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**निवेदकहरु**

| दस्तखत | | दिनेको नाम, थर, वतन | दस्तखत | | लिनेको नाम, थर, वतन |
|---|---|---|---|---|---|
| दायाँ | बाँया | | दायाँ | बाँया | |
| | | नाम, थर :<br>उमेर :<br>वतन :<br>बाबु/पति :<br>बाजे/ससुरा | | | नाम, थर :<br>उमेर :<br>वतन :<br>बाबु/पति :<br>बाजे/ससुरा |
| सही | | | सही | | |

**संलग्न कागजातहरु :**

(१) सगोलनामा लिखत प्रति-२
(२) सक्कल जग्गा धनी प्रमाण पुर्जा-१
(३) आव ............ को तिरो रसिद-१
(४) दिनेको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि थान- १
(५) लिनेको नाप्रप नागरिकताको प्रमाण पत्रको प्रतिलिपि थान-१
(६) नाताप्रमाणित प्रमाणपत्रको प्रतिलिपि –१

यो निवेदन म आफैंले लेखेको हुँ । निवेदकले भनेवमोजिम लेखेको हुँ । भनिसही गर्ने .......................................

इति सम्बत् २०७  साल ....................... महिना ............. गते रोज ......... शुभम् ।

Approved from Minister level in 2074/01/25